# प्रेस विज्ञप्ति- २२४

# Press Release-224

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मितिः २०७५।०४।१७ गते।

## गाडी भित्र लुकाई छिपाई राखेको २०३ किलो ७२० ग्राम अवैध लागु औषध गाँजा (चिप्पड) सहित ६ जना मानिस पक्राउ।

मकवानपुर जिल्लामा लागू औषध गाँजाको कारोबार भईरहेको छ भन्ने विशेष सूचनाको आधारमा **लागू औषध नियन्त्रण व्यूरो काठमाण्डौंबाट प्रहरी अधिकृत सहितको टोली खटिई गई जिल्ला प्रहरी कार्यालय मकवानपुर** समेतको सहयोगमा खोजतलास गर्ने क्रममा **मिति २०७५।०४।१६ गते बिहान रातीको ०३:३० बजेको** समयमा जिल्ला मकवानपुर मनहरी गाँउपालिका वडा नं. ९ खराङ्गा स्थित लोकमार्ग मनहरी बजार तर्फबाट हेटौडा तर्फ आउदै गरेको **भारतिय BR IP 2345 नं**. प्लेट भएको सेतो रंगको **बोलेरो गाडी**लाई रोकी चेकजाँच गर्ने क्रममा उक्त गाडीको छत तथा पछाडीको तलको भागमा फल्स बटम बनाई, प्लाष्टिकमा बाँधी लुकाई छिपाई लैजान लागिएको ४२ पोका तयारी लागू औषध **गाँजा (चिप्पड) ८८ किलो ७२० ग्राम** सहित **जिल्ला उदयपुर, तापली गा.पा.वडा नं.१ पिपल भन्ज्याङ्ग बस्ने बर्ष ५८ को पदम हमाल ठकुरी, जिल्ला सिरहा, औरही गा.पा.वडा नं. २ तुलसीपुर बस्ने बर्ष ४४ को छेदी दास (चालक), ऐ. धनगढी न.पा. वडा नं.३ बस्ने बर्ष ३५ को सुरेश कुमार महतो र जिल्ला मकवानपुर राक्सिराङ्ग गा.पा.वडा नं. १ गड्वाल बस्ने बर्ष ४२ को कृष्ण बहादुर मोक्तान** समेत ४ जनालाई पक्राउ गरिएको।

त्यसै गरी व्यूरोबाट खटिएको सोही टोलीले **मिति २०७५।०४।१७ गते बिहान ०५.३० बजे**को समयमा जिल्ला मकवानपुर हेटौडा उप-महानगरपालिका वडा नं. ११ सरस्वती चोक स्थित लोकमार्गमा बस्तिपुरतर्फबाट हेटौडा तर्फ आउदै गरेको **ना.३ च. ४७६२ नं. को सेतो रंगको पिकअफ** गाडीलाई चेकजाँच गर्दा उक्त गाडीको ढालाको पछाडीको भागमा फलामको पाताले बक्सा जस्तो फल्स बटम बनाई भित्र लुकाई छिपाई गरी लैजान लागिएको १५ पोका तयारी **लागू औषध गाँजा (चिप्पड) ११५ किलो** सहित **जिल्ला सिन्धुली, कमलामाई न.पा.वडा नं. १२ बस्ने बर्ष ३६ को दिनेश मगर (चालक) र जिल्ला सिन्धपाल्चोक बाह्रबिसे न.पा.वडा नं. ७ बस्ने बर्ष ३१ को ज्ञान बहादुर बुढासैली** समेत २ जनालाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बुझाएको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••


BR IP2345






Shrestha Carrier






परामर्श कक्ष
COUNSELLING ROOM
BGWTO

